# Columbus City Schools, Senior Town Hall Q&A (Nepali)

अप्रिल ३० मा कलम्बस सिटी स्कूलहरूले २०२० को स्नातक कक्षाका विद्यार्थीहरूकालागि पहिलो उच्च तहका विद्यार्थीहरूसंग दूरी कायम गरि भिडियो सभा आयोजना गऱ्यो। हाम्रा धेरै हाई स्कूलका उच्च तहका विद्यार्थी प्रतिनिधिहरूले अधीक्षक डिक्सन र अन्य जिल्ला विशेषज्ञहरूलाई स्नातकका आवश्यकताहरू र कलेज योजनामा हुने परिवर्तनदेखि नृत्य र स्नातक समारोहहरूका सम्भावनासम्मका विषयहरू उठाएर प्रश्न सोध्ने अवसर पाए। यदि तँपाईले उच्च तहका विद्यार्थीहरूसंग दूरी कायम गरि गरिने भिडियो सभा छुटाउनु भयो भने तँपाईले: [यहाँ क्लिक गर्नुहोस् र सिसिएसको यूट्यूब च्यानलमा फेरी हेर्न सक्नुहुनेछ।]

विद्यार्थीहरूका प्रश्नहरू र धेरै विस्तृत उत्तरहरू तल दिइएका छन्:

**प्रश्न:"मेरो प्रश्न स्नातकका आवश्यकताहरू सम्बन्धित छ। के तँपाईले हामीलाई बताउन सक्नुहुन्छ २०२० को कक्षाकालागि स्नातकका आवश्यकताहरू कसरी परिवर्तन भएँ? के यो सबै उच्च तहका विद्यार्थीहरू र उनीहरूका परिवारहरूलाई यी जानकारी पुनः पठाउन सम्भव छ? - मिशेल अरिन, बिचक्रफ्ट हाई स्कूल**

स्नातकका आवश्यकताहरूमा हुने परिवर्तनहरू अस्थायी हुन र सेप्टेम्बर ३०, २०२० सम्ममा स्नातक गर्ने योजना बनाएका विद्यार्थीहरुलाई मात्र लागू हुन्छ। ओहायोको स्नातक मार्गका आवश्यकताहरू २०२० मा स्नातक गर्नेहरूकालागि माफ गरिएको छ। जस्तो कि विद्यार्थीहरूले अझै आर्जित नगरेका कुनै पनि बाँकी परिक्षण आवश्यकताहरू भए पनि माफ गरिदैछन्। यसमा ओहायो राज्य परीक्षण (पाठ्यक्रमको अन्तमा हुने परीक्षा) र अन्य कुनै पनि अतिरिक्त मार्ग मापदण्डहरू- जस्तै वर्ककिइज्, ओहायो भन्नु नै रोजगारकालागि तत्परताको मोहर, उद्योग प्रमाण पत्र,कक्षा ११/१२ कालागि २.५ जि.पि.ए र विद्यार्थीहरूले प्रयास गरिरहेका कुनै पनि अन्य मापदण्ड उनीहरूका सातै वटा पाठ्यक्रमान्त परीक्षाका टेस्टहरूमा आवश्यक १८ अंक प्राप्त गर्नु पर्छ।

यत्ति खेरै कोलम्बस शिक्षा बोर्डले जिल्लाको स्नातक आवश्यकताहरु राज्य कै न्यूनतममा फिर्ता लिइरहेको छ। स्नातक हुन कम्तिमा २० क्रेडिट (पहिलाको २२ क्रेडिट भन्दा कम) आवश्यक पर्छ र निम्न आवश्यक टेक्नोलोजी कोर्स क्रेडिट, शैक्षिक ऐच्छिक पाठ्यक्रम क्रेडिट, र १२० इंटर्नशिप घण्टा/इंटर्नशिप क्रेडिट खारेज गर्दछ। यो याद गर्न महत्त्वपूर्ण छ कि विद्यार्थीहरूलाई स्नातक हुन ४ ऐच्छिक पाठ्यक्रमबाट कुल २० क्रेडिट कमाउन ३ वटा ऐच्छिक (पाठ्यक्रम आवश्यकताका भन्दा माथि र परका पाठ्यक्रमहरू) पाठ्यक्रमहरू चाहिन्छ। यो परिवर्तन २०२०को कक्षा र २०१८ र २०१९ का कक्षाका आवश्यकताहरू अझै पूरा गर्नु पर्ने विद्यार्थीहरूमा लागू हुन्छ। जिल्लाले २०२१ को कक्षा (९/३०/२०२०मा वा सो पछि स्नातक गर्ने योजना बनाएका) को पाठ्यक्रम स्नातकमा पर्ने आवश्यकता बहाल गर्नेछ।

**प्रश्न : “यहाँ स्नातक आवश्यकताको पंक्ति मै पर्ने एक प्रश्न छ जुन धेरै बयस्क व्यक्तिको दिमागमा छ: हामी मध्ये धेरैले स्नातक आवश्यकता पूरा गर्न आफ्नो भिक्याप (VCAP) (भर्चूअल क्रेडिट एड्भान्समेन्ट प्रोग्राम) मा काम गरिरहेका छौं। VCAP का लागि अन्तिम मिति के हो र यदि विद्यार्थीले उनीहरूको भिक्याप (VCAP) पूरा गर्न कठिनाई भइरहेको छ भने कसलाई सम्पर्क गर्न सक्छन्?"-शमूएल फ्रुम्किन,वेट्सटन  हाई स्कूल**

कुनै पनि भिक्याप (VCAP)मा चुनौतिहरू वा प्रश्नहरू भएका बिद्यार्थीहरूले सोमबार देखि शुक्रवार सम्म बिहान ८:०० बजे देखि ११:०० बजे सम्म ६१४-३६५-५४८५ मा सम्पर्क गर्न सक्छन् वा VCAP@columbus.k12.oh.us मा ईमेल गर्न सक्छन् (उही ईमेल जुन हावर्ड भिक्याप (VCAP) परीक्षणमा खोलिन्छ)। सोमबार (५/४/२०२०) देखि, सामग्री शिक्षकहरू बिहान १०:०० बजे देखि दिउसो २:०० बजे सम्म अंग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययनका क्षेत्रमा भिक्याप (VCAP)का विद्यार्थीहरूलाई सहयोग गर्न उपलब्ध हुनेछन्। भर्चुअल शिक्षण मंगलबार र बिहिवार बेलुकी ३:०० बजे देखि ७:०० बजे सम्म उपलब्ध हुनेछन् । समर्थन र शिक्षणका अवसरहरूका बारेमा जानकारीकालागि भिक्याप (VCAP) कार्यालयको ६१४-३६५-५४८५ मा सम्पर्क गर्नुहोस् वा VCAP@columbus.k12.oh.us मा ईमेल गर्नुहोस्।

वयस्कहरू जो स्नातकका लागी आवश्यक कोर्समा असफल भइरहेका भए अझै पनि भिक्याप(VCAP) मा भर्ना हुन सक्छन् र त्यसो गर्न स्कूल प्रिन्सिपलहरुसंग काम गर्नु पर्छ। सबै भिक्याप(VCAP) काम मेई २८-३०मा हुने स्नातकहरूकालागि मेई १८ सम्ममा पूरा गर्नुपर्नेछ। यसले ग्रेडिंग र ट्रान्सक्रिप्ट प्रमाणीकरणकालागि समय अनुमति दिन्छ प्राध्यापकद्वारा विशेष अनुमोदित विद्यार्थीहरूले मेई २१ सम्ममा सबै VCAP पूरा गर्नु पर्दछ।

प्रश्न :“ती वयस्कहरू जसले सम्मान डिप्लोमा कमाउन कडा मेहनत गरेका छन्। के उनीहरूलाई अझै पनि सम्मानित गरिनेछ?” - हेली ब्रिग्स, मेरियन फ्रैंकलिन हाई स्कूल

हो। राज्य सम्मान डिप्लोमा, सिसिएस डिप्लोमा डिस्टिन्क्सन र सिसिएस डिप्लोमा प्रमाणपत्रकालागि आवश्यकताहरू परिवर्तन भएको छैन। यी कुनै पनि डिस्टिन्क्सनकालागि आवश्यक मापदण्ड कमाउने विद्यार्थीहरूलाई यी सम्मानका साथै बाइलिटरेसी र ओहिय भन्नु नै रोजगारमा तत्परता सिलहरू सहित प्राप्त गरेका कुनै पनि राज्य सिल प्रदान गरिनेछ। यी डिस्टिन्क्सनहरू उनीहरूको डिप्लोमामा प्रदर्शन हुनेछ।

**प्रश्न: "प्रमाणपत्रहरू वा वर्क कुञ्जीमा काम गर्ने विद्यार्थीहरूकालागि के त्यहाँ कुनै परिवर्तन आएको छ?"- हेली ब्रिग्स, मेरियन फ्रान्कलीन हाई स्कूल**

राज्यको निरन्तर स्वास्थ्य प्रतिबन्धका कारण स्कूलहरूले यस बर्ष वर्क कुञ्जी  फेरि प्रदान गर्न वा क्रेडेन्सियल टेस्ट खोल्न सक्षम हुनेछन्। क्रेडेन्शियलका बारेमा प्रश्नहरू भएका बिद्यार्थीहरूले क्यारियर टेक्निकल शिक्षा निर्देशक **सेलेस्ट लुइसलाई:** clewis2@columbus.k12.oh.us मा ईमेल मार्फत सम्पर्क गर्नु पर्ने छ।

**प्रश्न: "यदि तँपाईले जिल्लाबाट क्रोमबुक वा मोबाइल हटस्पट प्राप्त गर्नु भएको छ भने, ती क्रोमबुक वा मोबाइल हटस्पटहरू कहिले फिर्ता गर्नु पर्छ?" - सामाजिक मिडिया बाट प्रश्न**

क्रोमबुकहरू र हटस्पटहरू फिर्ता हुनुपर्दछ तर जिल्लाले विद्यार्थीहरूलाई गर्मी बिदा भरि क्रोमबुक र हटस्पटहरू चलाउन अनुमति दिइएको छ यदि विद्यार्थीहरू अझै स्नातक आवश्यकताहरू ग्रीष्म शैक्षिक कार्यक्रम वा पूर्व कलेज पाठ्यक्रमका कार्यहरू गरिरहेका हुन्छन्। विद्यार्थीहरूलाई क्रोमबुक वा हटस्पटहरू कहिले फिर्ता गर्ने भनेर गर्मी महिनाहरूमा सम्पर्क गरिनेछ।

**प्रश्न :“कसरी चौथो त्रैमासिकले हाम्रो समग्र जिपिए (GPA)लाई असर गर्दछ र यो हाम्रो ट्रान्सक्रिप्टहरूमा देखा पर्दछ?” - लशन शमूएल:,वेस्ट हाई स्कूल**

यस समयमा "पास" ("P") वा ("अपूर्ण") ("I") ले चौथो क्वार्टर ग्रेडहरूमा विद्यार्थीहरूका जिपिएस् (GPAs) वा ट्रान्सक्रिप्टमा कुनै प्रभाव पार्ने छैन किनकि अन्तिम क्वार्टर ग्रेडलाई १ देखि ३ का क्वार्टरबाट मात्र ग्रेडहरू प्रयोग गरी हिसाब गरिनेछ। ट्रान्सक्रिप्ट्सले क्वार्टरै पिछेको श्रेणीहरू देखाउँदैन। यद्यपि चौथो क्वाटरका कक्षाले वयष्कको जिपिए वा स्तरलाई न त असर पार्दछ न अन्तिम ट्रान्सक्रिप्टहरूमा नै प्रतिबिम्बित हुनेछ - कुनै पनि माध्यमिक पछिको शिक्षामा भाग लिन चाहने बिद्यार्थीहरूले उनीहरूको अध्ययनमा निरन्तर व्यस्त रहनु पर्छ। तँपाईको अध्ययनमा यस गर्मी बिदामा कलेजका पाठ्यक्रममा विश्राम लिनु भयो भने कलेज नियुक्ति परीक्षामा तँपाईको प्रदर्शनलाई नकरात्मक रूपमा प्रभाव पार्न सक्छ। हामी तपाईले कलेज सुरू गर्नु भन्न चाहन्छौं (चाहे क्याम्पसमा होस् वा अनलाइनमा) जुन चहि अर्को डिग्री कमाउन सफलताकालागि सेट गरिएको छ।

**प्रश्न: "स्कूल बन्दका परिणामस्वरूप स्नातक आवश्यकताहरुका बारेमा राज्यले गरेको परिवर्तनको हामी कदर गर्दछौं। यी सबै परिवर्तनहरूका साथ २०२० को कक्षामा एक वयष्ककालागि उनीहरूले स्नातक गर्छन् भनेर जान्न उत्तम तरिका के हो?" -डाइवो कामारा, कोलम्बस नर्थ इंटरनेशनल स्कूल**

अनुभवी सल्लाहकारहरूले यी नयाँ स्नातक आवश्यकताहरू र ग्रेडिंग परिवर्तनहरूका आधारमा प्रत्येक वयस्कको प्रगतिको समीक्षा गरेका छन्। सल्लाहकारहरू र अन्य वरिष्ठ टोली कर्मचारी सदस्यहरूले अनलाइन सभाहरू, भर्चुअल अफिसको  समया, गुगल कक्षा कोठाहरू, ईमेलहरू र अन्य व्यक्तिगत सम्पर्कहरूका माध्यमबाट सबै वरिष्ठलाई सम्पर्क गर्न काम गरिरहेका छन्। कुनै प्रश्न वा सरोकार भए कृपया तँपाईको वरिष्ठ सल्लाहकारलाई सम्पर्क गर्नुहोस्।

**प्रश्न: "के हामीले अझै वयस्क शुल्क वा स्नातक शुल्क तिर्नु पर्छ?" - सामाजिक संजाल बाट प्रश्न**

यस समयमा जबसम्म स्नातकका बारेमा अन्तिम निर्णय हुदैन विद्यार्थीहरूले अझै पनि स्नातक शुल्क ($ ७०) तिर्नु पर्छ। यस शुल्कले डिप्लोमाको ज्याकेट,क्याप र गाउनको लागत समेट्छ। हाल जिल्ला विशेष गरी २०२० को कक्षाकालागी यदि स्नातक समारोह भर्चुअल हुने हो भने यो शुल्क घटाउने अवसर खोज्दैछ। यदि तँपाई हराएका पुस्तक वा उपकरणहरूकालागि शुल्क तिर्नु हुन्छ भने तँपाईले ती शुल्कहरू तिर्नु पर्ने हुन्छ। यदि तँपाईसँग अन्य शुल्कहरू बारे प्रश्नहरू छन् भने तँपाईले स्कूलका प्रिन्सिपललाई सम्पर्क गर्नुपर्छ।

**प्रश्न: "यो सामान्यता प्रोम मौसम हुने थियो तर राज्यले भन्छ हामीसँग अझै पनि व्यक्तिहरूको ठूलो भेला हुन मिल्दैन। त्यहाँ वयस्कहरुलाई अझै पनि प्रोममा रमाउनकालागी कुनै तरिका छ? " - इसाबेला गोन्जालेज, कोलम्बस नर्थ इन्टरनेशनल स्कूल**

राज्यको लगातार सिमितताहरूकासाथ सार्वजनिक जमघटमा व्यक्ति- व्यक्तिको भेट परम्परागत रूपमा प्रोममा समेट्ने कुनै तरिका छैन। धेरै विद्यालयहरू र स्थानिय संगठनहरूले भर्चुअल द्वारा प्रोमको योजना गर्दैछन् तर हामीलाई थाहा छ कि ती उस्तै छैनन्। किनभने कोभिड (COVID-19)को खोप धेरै महिनाहरूकालागि अपेक्षित छैन। हामी  विद्यार्थीहरूलाई जोखिम नलिइ कुनै पनि प्रोमलाई बर्खा सम्म स्थगित गर्न असम्भव छौं। जब हाम्रो समुदायमा सुधार आउँछ र स्वास्थ्यसम्बन्धी सरोकारहरू कम हुन्छन् जिल्लाले २०२० को कक्षालाई अन्य गैर-परम्परागत तरिकामा मनाउन आमन्त्रित गर्ने अवसरहरू खोज्न सक्छ।

**प्रश्न: "राज्यले दिएको घरमा- बस्ने आदेश बिस्तारै हटाउदैछ, के विद्यार्थीहरूले स्कूलमा फर्केर उनीहरूका लकर सफा गर्ने मौका पाउने छन्?" - अलेशिया स्ट्यालिङस्, कोलम्बस अफ्रिसेन्ट्रिक अर्ली कलेज**

मे १ तारिक देखि यस महामारीको सुरूवामा राखिएका धेरै प्रतिबन्धहरू बिस्तारै हटाइनेछ। जब व्यक्तिहरूका विद्यालय भवनमा फर्कनकालागि प्रतिबन्धहरू पर्याप्त मात्रामा कम गरिएको छ। जिल्लाले विद्यार्थी र कर्मचारीहरूलाई तोकिएको समयमा भवनहरूमा जानकालागि अवसर प्रदान गर्न व्यवस्थित योजनाको विकास गर्नेछ। राज्य र स्थानीयको मार्गदर्शनमा निर्भर हुन्छ र यो मे महिनाको अन्त्य वा जून महिनाको शुरूमा प्रारम्भिक हुन सक्छ।

**प्रश्न: "१३ बर्षको स्कूल पछि हामीलाई लाग्छ कि हाम्रो स्नातक उत्सव मनाउन योग्य छौं तर यो संकटले यसलाई हामीबाट टाढा लगि दियो। जिल्लाले स्नातककालागी कस्तो योजना गर्दै छ? " - अजान्या रोजर्स, मिफ्लिन हाई स्कूल**

२०२० को कक्षाको स्नातक हुनेछ तर यो परम्परागत रूपमा स्नातक समारोह हुने छैन। राज्यले विद्यार्थी र परिवारकालागि सुरक्षित स्नातक प्रदान गर्ने बारेमा विभिन्न सिफारिशहरू गरेको छ र जिल्लाले धेरै विकल्पहरू खोजी गरिरहेको छ। धेरै समुदाय साझेदारहरु योजना मा सहयोगका प्रस्ताव गरेका छन्। अहिले केहि पनि निर्धारित गरिएको छैन।

**प्रश्न: "के हामी अझै पनि हाम्रा टोपी र पगरीहरू पाउने छौं? हाम्रो डिप्लोमा उत्सव के हुन्छ?" - सामाजिक संजाल मिडिया बाट प्रश्न**

हो। स्नातक उत्सव मनाउने अंशमा टोपी र पगरी रहेको हुन्छ जुन तँपाईले पाउँन धेरै बर्षकालागि बहुमूल्य हुन सक्नुहुन्छ। कोलम्बस सिटी स्कूलले कम्पनीहरूसँग काम गरिरहेको छ जसले परम्परागत रूपमा जिल्लाको टोपी र पगरी आपूर्ति गर्दछन र डिप्लोमा कभर गर्दछ तर तीमध्ये धेरैजसो कम्पनीहरू महामारीको समयमा बन्द भएका छन्। ती कम्पनीहरू जसै पुनः खुल्नेछन् र मागहरू पूर्ती गर्न सुरू गर्नेर्छन्। जिल्लाले वयस्कहरूको स्नातककालागि डिप्लोमा कभर, टोपी र पगरी लिनकालागि योजनाको विकास गर्नेछ। अन्तिममा छापिएका डिप्लोमा मेल गरिने छ वा पछाडिका मितिमा लिनकालागि उपलब्ध हुन सक्छ।

**प्रश्न: "हामी मध्ये धेरैले शरद ऋतु देखि कलेजकालागि योजना बनाइरहेका छौं तर धेरै विश्वविद्यालयहरू कसरी संचालन गर्छन् जस्तै छात्रावास बन्द गर्ने र सबै कक्षाहरू अनलाइनमा गर्ने जसता परिवर्तन गरेका छन। हामी के कालागि तयार हुनुपर्छ? के हामीले कलेजको आवास शुल्क अन्तिम म्याद सम्म कै तिर्नु पर्छ? - अजान्या रोजर्स, मिफ्लिन हाई स्कूल**

यस समयमा विद्यार्थी र परिवारहरूले विभिन्न परिस्थितिहरूकालागि योजना गर्नुपर्दछ। कलेज र विश्वविद्यालयहरूले शरद ऋतुमा क्याम्पसहरू कसरी संचालन गर्ने भन्ने बारे अन्तिम निर्णय गरेका छैनन्। यो निश्चित रूपमा योजना उद्देश्यकालागि उपयुक्त छैन तर परिदृश्यहरूका दायरामा हुन सक्दछ - क्याम्पसहरू पूर्ण रूपमा खोल्ने र संस्थाहरूकालागि संचालन् भर्चुअल रूपमा सबै वर्गहरूलाई अनलाइनमा गर्ने एउटा विकल्प हो। धेरै जसो स्कूलहरूले बर्खाको शुरुमा शरद ऋतु कस्तो देखिनेछ भनेर राम्रोसँग आशा राख्छन्।

यहाँ विद्यार्थीहरू र परिवारहरूले योजना बनाउनकालागि केहि सामाग्रीहरू छन्:

- विद्यार्थीहरूले नियमित रूपमा उनीहरूको कलेज ईमेल खाता अद्यावधिकहरूकालागि जाँच गर्नु पर्छ। यो स्कूलहरूले कुनै पनि योजनाहरू र विद्यार्थीहरूले गर्नु पर्ने आवश्यक कदमहरूको सञ्चार गर्ने मुख्य तरिका हो।
- कुनै पनि आवासको योजना वा रकम जम्माका प्रक्रियाहरूकालागि संस्था अनुसार फरक हुनेछ। विद्यार्थीहरू र परिवारहरूले उनीहरूका स्कूलसँग सम्बन्धित जानकारीकालागि उनीहरूका स्कूलको आवास वा निवास कार्यालयमा सम्पर्क गर्नुपर्दछ।
- यदि शरद ऋतुकालागि कक्षाहरू भर्चुअल वातावरणमा टाढाबाट आयोजित गरिएका छन् भने विद्यार्थीहरूले उनीहरूसँग आवश्यक पर्ने प्रविधि (कम्प्युटर, इन्टरनेट, वाइफाइ हटस्पटहरू, इत्यादि)का पहुँच छन् भन्ने कुरा निश्चित गर्नुपर्दछ। केही विद्यालयहरूले विधार्थीहरूकालागि संसाधनहरू उपलब्ध गर्न सक्छन्।
- यदि कक्षाहरू भर्चुअल वातावरणमा आयोजित गरिएका छन् भने विद्यार्थीहरूले आफुलाई एक अनलाइन वातावरणमा सिक्नकालागि तयार गर्नुपर्दछ जुन परम्परागत कक्षाकोठाको स्थापना भन्दा भिन्न हुन सक्छ।

**प्रश्न: "हामी सुन्छौं कि केहि कलेजहरूले यो संकटका कारण भर्नाका आवश्यकताहरूलाई समायोजित गरेका छन्। यदि त्यहाँ वयष्क विद्यार्थीहरू अझै कलेज जान खोज्दैछन् भने तँपाई उनीहरूलाई र उनीहरूका परिवारलाई के भन्नुहुन्छ?" विश्वास बोन्डुरेन, ईस्टमूर एकेडेमी**

कुनै पनि परिवर्तन वा भर्ना प्रक्रियामा अद्यावधिकहरूकालागि तँपाईले रूचि राख्नु भएका स्कूलहरूकालागि भर्ना कार्यालयहरूसँग सम्पर्क राख्नुहोस्। केही स्कूलहरूले यस बर्षको आगमन कक्षाकालागि परिवर्तन गरेका छन्। उपकरणकालागि यहाँ क्लिक गर्नुहोस् जस्ले धेरै कलेजहरूकालागि भर्ना प्रक्रियाहरूमा परिवर्तनहरूका पथ मार्गमा डोर्याउनेछ। हाल ओहायोका ५३ कलेज र विश्वविद्यालयहरू यस साइटको प्रतिनिधित्व गर्दछन्। केही परिवर्तन र अद्यावधिकहरूले भर्चुअलका आयोजनहरू, एचएस ट्रान्सक्रिप्ट प्रस्तुतिहरु, जवाफ/नामांकन संकलन् अन्तिम मिति र २०२० को योजनाहरू समावेश गर्दछ। त्यो साइटमा प्रतिनिधित्व हुने कलेजहरूका आधा जसो कलेजहरूले उनीहरूका जवाफ/भर्ना जम्मा अन्तिम मिति पछाडी सारेका छन्। त्यसैले एनएसिएसि (NACAC), कलेज वा प्रवेश कार्यालयहरूका वेबसाइटहरू जाँच गरिरहनु यो ठूलो कारण हो।

**प्रश्न: "कोभिट-१९ (COVID-19) को प्रसारलाई रोक्नकालागि आज धेरै मानिसहरू मास्क लगाएका छन्। के यो हामीलाई सुरक्षित राख्न पर्याप्त छ? यो महामारी वास्तवमा कहिले अन्त हुनेछ? " - डोलान्डा चान्थेसेन, साउ्त्थ हाई स्कूल**

कोभिट-१९ (COVID-19) श्वासप्रश्वासका थोपा द्वारा फैलन्छ; यो हावाबाट नफैलिने रोग हो। यसको मतलव यो खोकीमा, हाछियूउँ गर्दा वा मानिसहरू बोल्दा थुक उछिछटिँदा सर्न सक्छ। अनुहारको मास्कहरूले तँपाईलाई कोभिट-१९ (COVID-19) सर्नबाट साँच्चि कै सुरक्षा गर्दैन  किन भने धेरै व्यक्तिहरूसँग कोभिट-१९ (COVID-19) भएको हुन सक्छ तर लक्षणहरू हुदैनन् (वा लक्षणहरू अझै नदेख्खिइ रहेका हुन्छन्), उनीहरूले यसलाई अरूलाई थाहै नपाई पनी सार्न सक्दछन्। एउटा मास्क भनेको यदि तँपाईलाई रोग छ भने तँपाईसँगको आफ्नै श्वासप्रश्वासका थोप्लाहरूबाट रोग फैलाउनबाट रोक्नका निम्ति हो। त्यसो भए यदि प्रत्येकले मास्क लगाउँछ  र अरूबाट ६ फिट टाढा रहयो भने र २० सेकेन्डसम्म कुनै चिजहरू छोएपछि हातहरू धुन्छ र अरूसंग ठूलो समूहमा संगै रहदैन भने तब हामी जो व्यक्तिहरू भाइरस संक्रमित छन् उनीहरूको संख्या घटाउन सक्छौं र यो रोग सर्न सक्नेहरूको संख्य पनि घटाउन सक्छौं।

कोभिट-१९ (COVID-19) महामारीको अन्त्य तब हुन्छ जब अधिकांश व्यक्तिहरू (लगभग ८०-९० %) भाइर रोगबाट प्रतिरोधक क्षमता हुन्छ। यसको मतलब यो हो कि उनीहरूसँग रोग थियो अनि जाति भइसके र यदि यो फेरी उनीहरूका शरीरमा फिर्ता आयो भने भाइरसलाई मार्नकालागि एन्टबडीहरू छन् वा भाइरसकालागी एउटा खोप लगाए र भाइरसको खोप लगाए पछि एन्टिबडीहरूको विकास भएको छ र यदि यो भाइरस उनीहरूका शरीरमा आयो भने यस्ले मार्छ।  खोप तयार हुन १ बर्ष देखि १८ महिना सम्म लाग्न सक्छ।

*यदि तँपाई प्रश्नहरू सोध्न चाहानुहुन्छ भने कृपया कोलम्बस सिटी स्कूलको संलग्नता विभागको engage@columbus.k12.oh.us मा ईमेल गर्न सहजता लिनुहोस्।*